जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक ११५ | २०८१ साल मंसिर १७ गते सोमबार (2 Dec. 2024 Monday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : एघार महिनामा १० लाख ५५ ... ३ पृष्ठमा : 'सूचनाको अभावले अपाङ्गता... ३ पृष्ठमाफेङ्गल आँधीका कारण दक्षिण..

# सप्तरीको दुई वडामा ७१.८१ प्रतिशत मतदान



**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा शान्तिपूर्ण तरिकाले मतदान कार्य सम्पन्न भएको छ।

डाक्नेश्वरीको वडा नं १ र ४ वडामा अध्यक्ष पदका लागि भएको मतदानमा ७१.८१ प्रतिशत मतदान भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेश कुमार जोशीले जानकारी दिएका छन् ।

वडा नं. १ मा २ हजार ६ सय २३ मतदाता रहेकोमा १ हजार ८ सय ४५ मतदाताले मतदान गरेका छन् भने वडा नं. ४ मा १ हजार ३ सय १९ मतदाता रहेकोमा ८ सय ८६ मतदाताले मतदान गरेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

दुवै वडामा २८३१ जना मतदाताले मतदान गरेका छन् भने मतपेटिका मतगणना स्थलमा ल्याई सकिएको र सर्वदलिय बैठक बस्ने तयारी भईरहेको छ।

वडा नं. १ मा २ मतदानस्थल र मतदान ३ केन्द्र र वडा नम्बर ४ मा १ मतदानस्थल र २ वटा मतदान केन्द्र राखिएको थियो ।

मतदान सम्पन्न पश्चात् आइतबार साँझ सर्वदलिय बैठकपछि डाक्नेश्वरी नगरपालिकाको कार्यालयस्थित हलमा मतगणना शुरु हुने निर्वाचन अधिकृत दिपक कुमार दहालले जानकारी दिए। मतगणनाका लागि गणनास्थल समेत तयार पारिसकिएको उनले बताए। दुई वडाअध्यक्ष पदका लागि विहान ७ बजे देखि ५ बजेसम्म मतदान भएको थियो। दुबै वडामा गरि १६ जना उम्मेदबार चुनावी मैदानमा छन्।

यस्तै निर्वाचन आयोगले सम्पन्न स्थानीय तह उपनिर्वाचनको मतदान कार्य शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भएको निर्वाचन जनाएको छ।

उपनिर्वाचन भएका स्थानीय तह तथा वडाको अन्तिम मतदाता नामावलीमा २ लाख २६ हजार ७ सय ९९ मतदाता रहेकोमा हालसम्मको प्राप्त विवरण अनुसार करिब ६२ प्रतिशत मतदान भएको आयोगले जनाएको छ।

उपनिर्वाचन प्रयोजनका लागि २५ वटा राजनीतिक दल दर्ता भएकोमा २० वटा राजनीतिक दलको तर्फबाट उम्मेदवारी परेको थियो। ओखलढुंगा र कैलाली जिल्लाको जिल्ला समन्वय समितिको प्रमुखमा क्रमशः नेपाली काँग्रेसका उम्मेदवार टेकराज भट्टराई र टीका कुमारी चौधरी (भुल)को मात्र अन्तिम उम्मेदवारी कायम भएको थियो भने रूकुम (पूर्वी भाग) जिल्ला पुथा उत्तरगंगा गाउँपालिका वडा नं. २ को वडा अध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उम्मेदवार जगत घर्तीको मात्र अन्तिम उम्मेदवारी कायम भएको थियो।

एक एक जना उम्मेदवारी कायम भएका बाहेक नगरपालिकाका प्रमुख एक जना, उपप्रमुख एक जना, गाउँपालिकाका अध्यक्ष दुई जना, उपाध्यक्ष चार जना तथा वडा अध्यक्ष ३३ जना गरी जम्मा ४१ पदका लागि भएको उपनिर्वाचनमा राजनीतिक दलका २ सय ७४ जना र स्वतन्त्र १ सय २ जना गरी जम्मा ३ सय ७६ जना उम्मेदवार रहेका थिए।

# स्कारपियोको ठक्करबाट सशस्त्र प्रहरी नायब निरीक्षकको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, १६ मंसिर ।**

सिरहामा स्कारपियोको ठक्करबाट एक सशस्त्र प्रहरी प्रहरी नायब निरीक्षकको मृत्यु भएको छ।

नम्बर नखुलेको स्कारपियोको ठक्करबाट नेपाल-भारत सीमा नजिकै बडियारपट्टी १ कचनारीको भित्री सडकमा गस्तीमा रहेका सशस्त्र प्रहरी नायब निरीक्षक ४८ वर्षीय लक्ष्मणप्रसाद यादवको आइतबार बिहान मृत्यु भएको हो।

भित्री सडकमा आइतबार बिहान ३ बजेतिर जाँच गर्ने क्रममा स्कारपियोले ठक्कर दिँदा यादव घाइते भएका थिए। घाइते यादवलाई तत्काल उपचार गराउन रामकुमार उमापसाद स्मारक प्रादेशिक अस्पताल लहान लगे पनि अस्पताले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। यादव वडहरी बेस क्याम्पका कार्यरत थिए।

जिल्ला प्रहरी सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासवानले नम्बर नखुलेको स्कारपियोले ठक्कर दिई भारततर्फ भागेकाले ठक्कर दिने गाडीको खोजतलास भइरहेको जानकारी दिएका छन्।

सशस्त्र प्रहरी ७ नम्बर गण सिरहाका प्रमुख एसपी नरेश भण्डारीले नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीलाई देखेर भाग्ने क्रममा स्करपियोले ठक्कर दिएर भागेको भन्ने सूचना प्राप्त भएको जनाएका छन्।

उनले अहिलेसम्म स्कारपियोले मदिरा बोकेको भन्ने सूचना आए पनि स्कारपियो फेला नपरेकाले यसै भन्न नसकिने बताए।

# कोशी पलारमा बालिका मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ११ सखुवास्थित कोशी पलारमा आइतबार एक बालिका मृत अवस्थामा फेला परेकी छिन्।

प्रहरीका अनुसार कोशी पलारमा अन्दाजी ३ फिट पानी नाम, थर, वतन नखुलेको बालिका मृत अवस्थामा फेला परेका हुन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले तराई मुल्कको जस्तो देखिने अन्दाजी १०/११ की बालिका दिउँसो ११:३० बजेतिर मृत अवस्थामा फेला परेको जनाएका छन्।

मृत फेला परेकी बालिकाको अनुसन्धान कार्य भईरहेको जनाउँदै उनले हाल सम्म सनाखत हुन नसकेकोले बालिकालाई चिन्नु हुने जो कसैले जिल्ला प्रहरी कार्यालय सप्तरी वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क राख्न सबैपक्षसँग अनुरोध गरेका छन्।

**श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित**

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, विंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस्।

**यातायात संचालन हुने स्थान**
राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**
**मन्त्रि यादव**
सम्पर्क नं. ९८१९९५३७७७
**अमरेन्द्र बर्मा**
९८०७७१६९५४
**शम्भु प्रसाद यादव**
९८०७७९३८२२

**खुशीको खबर ! खुशीको खबर ॥**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**

सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

**अपाङ्गताको आधारमा भेदभाव नगरौं**

अपाङ्गताको आधारमा कसैलाई पनि:
- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने,
- सेवा सुविधाबाट अलग्याउने,

लगायत्का कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं।

अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं,
अपाङ्गता भएका व्यक्तिको सम्मान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### नगरपालिकाको नारा कागजमै सीमित

राजविराज नगरपालिकाको "स्वच्छ हराभरा नगरपालिका" को नारा अहिले कागजमै सीमित भएको छ । विगतमा त्यसअनुरुप केही कार्य गरिए पनि अहिले उक्त परिकल्पना कागजमा मात्र सीमित भएको छ । नगरको सरसफाई, बिजुली बत्ति, सवारी पार्किङमा पहिलेको भन्दा केही सुधार भएपनि अन्य कार्यहरु भाषणमा मात्र रहेको छ । बजार, अतिक्रमण र हटिया व्यवस्थापन, सडकहरुको अवस्था हेरेर यो परिकल्पना कहिले साकार हुने हो भन्ने कुरामा बहस गर्ने बेला भएको छ ।

यस बाहेक अव्यवस्थित तरिकाले बनिरहेको घरहरुबारे नगरपालिकाले खासै ध्यान दिएको देखिदैन् । सहरको मुख्य चौकहरुमा फुटपाथलाई पसलेहरुले कब्जा गरेर नीजि प्रयोग गर्दैआइरहेको प्रति पनि कुनै वास्ता छैन् । यद्दपी नगरपालिकाले केही समयदेखी नगरलाई व्यवस्थित गर्नतर्फ अग्रसर भएको छ । यहाँ सडक छ, बिजुली बत्ति छ । नाला छ, तर ढलको व्यवस्था छैन् । पर्याप्त मात्रामा सार्वजनिक शौचालय नहुँदा व्यक्तिहरुले सास्ती व्यहोर्नु परेको छ ।

तसर्थ मुलुककै पहिलो टाउन प्लानिङ्ग यस नगरपालिकाको माथी उल्लेखीत नारालाई साकार गराउन पालिकाले अग्रसरता देखाउनु आवश्यक छ । यसका लागि सम्पूर्ण नगरवासी तथा नगरपालिका हातोमालो गरेर व्यवस्थित गर्नतर्फ अग्रसर हुनुपर्ने बेला आएको छ ।

# एघार महिनामा १० लाख ५५ हजार विदेशी पर्यटक भित्रिए

काठमाडौँ, १६ मङ्सिर (रासस) ।

सन् २०२४ को ११ महिनामा १० लाख ५५ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार यस वर्षको जनवरीदेखि नोभेम्बरसम्म हवाई मार्ग भएर १० लाख ५५ हजार पाँच सय ३३ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका हुन् ।

उक्त तथ्याङ्क अनुसार सन् २०२४ मा १३ लाख १५ पर्यटक स्वागत गर्ने लक्ष्य हासिल गर्न कठिन हुने देखिएको छ । सन् २०२४ अन्त्य हुन अब एक महिना मात्र बाँकी छ । डिसेम्बरमा करिब ७० हजार पर्यटक आउने बोर्डले अनुमान गरेको छ । यसरी हेर्दा वर्ष २०२४ मा ११ लाख १५ हजार हाराहारी मात्रै पर्यटक भित्रिने देखिन्छ ।

नोभेम्बरमा मात्रै एक लाख १४ हजार पाँच सय एक पर्यटक आएका छन् । यो अघिल्लो वर्ष सन् २०२३ को सोही महिनाको तुलनामा पाँच दशमलव ४० प्रतिशत बढी हो । उक्त वर्षको नोभेम्बरमा एक लाख आठ हजार छ सय ३० पर्यटक भित्रिएका थिए ।

सन् २०१९ को नोभेम्बरमा एक लाख ३० हजार तीन सय तीन विदेशी पर्यटकले नेपाल भ्रमण गरेका बोर्डको तथ्याङ्कमा उल्लेख छ । बोर्डका निर्देशक मणिराज लामिछानेले हालसम्मको पर्यटक आगमन विश्लेषण गर्दा सन् २०२३ को तुलनामा झण्डै १० प्रतिशत मात्रै बढ्ने देखिएको बताउनुभयो । सन् २०२३ मा १० लाख १४ हजार आठ सय ७१ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका उहाँले जानकारी दिनुभयो ।

बोर्डले सन् २०२४ मा कोरोना महामारीपूर्व सन् २०१९ मा आएका पर्यटक भन्दा बढी आउने अनुमान गरेको थियो । सन् २०१९ मा ११ लाख ९७ हजार एक सय ९१ विदेशी पर्यटक नेपाल आएका थिए । एसिया प्यासिफिक क्षेत्रको भन्दा नेपालको पर्यटन पुनरुत्थान माथि रहेको बोर्डका निर्देशक लामिछानेले उल्लेख गर्नुभयो ।

संयुक्त राष्ट्रसङ्घ विश्व पर्यटन सङ्गठन ( युएनडब्लुटिओ) को छ महिनाको आँकडा अनुसार विश्वव्यापी रूपमा ९६ प्रतिशतले नेपालको पर्यटन पुनरुत्थान भएको छ । उक्त अवधिमा विश्वव्यापी ९३ प्रतिशत पर्यटन पुनरुत्थान भएको जनाइएको छ । विभिन्न कारणले सन् २०२४ मा प्रक्षेपण गरिएको पर्यटक आगमन लक्ष्य भेट्टाउन कठिन भएको बोर्डका निर्देशक लामिछानेले उल्लेख गर्नुभयो ।

"हालसम्मको पर्यटक आगमन हेर्दा विश्वव्यापी रूपमा नेपालको पर्यटक आगमन सकारात्मक देखिन्छ", उहाँले भन्नुभयो, "पर्यटनका विभिन्न सूचकलाई विश्लेषण गर्दा सन् २०१९ को भन्दा बढी पर्यटक आउने प्रक्षेपण गरिएको थियो । लामो समयसम्म बोर्डको अन्तर्राष्ट्रिय प्रवर्द्धन रोकिनु, विमान दुर्घटना र प्राकृतिक विपत्तिलगायत कारणले पर्यटक आगमन सुधार हुन नसकेको अनुमान गरिएको छ ।"

करिब छ महिना बोर्डको अन्तर्राष्ट्रिय प्रवर्द्धन रोकिनु, बीचमा विमान र हेलिकप्टर दुर्घटना हुनु, असोजको ११ र १२ गतेको अविरल वर्षापछिको बाढीपहिरोपछिका घटना र गत कात्तिक २३ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको १० घण्टा उडान बन्दलगायत कारणले अपेक्षित रूपमा पर्यटक आउन नसकेका बोर्डले विश्लेषण गरेको छ ।

बोर्डको विवरणमा नोभेम्बरमा भारतबाट १९ हजार नौ सय १५ पर्यटक आएका छन् । संयुक्त राज्य अमेरिकाबाट १० हजार नौ सय ८१ र चीनबाट नौ हजार चार सय ५८ पर्यटकले नेपाल भ्रमण गरेका छन् । संयुक्त अधिराज्य बेलायतबाट छ हजार पाँच सय ११, बङ्गलादेशबाट पाँच हजार एक सय ४८, अष्ट्रेलियाबाट चार हजार आठ सय २९, थाइल्याण्डबाट चार हजार दुई सय ६२, श्रीलङ्काबाट चार हजार तीन सय ९५, जर्मनीबाट तीन हजार नौ सय २६ र फ्रान्सबाट तीन हजार आठ सय ४१ पर्यटक नेपाल भ्रमणमा आएका छन् ।

**कुन महिनामा कति पर्यटक**

मार्चमा सबैभन्दा बढी एक लाख २८ हजार एक सय ६७ र सबैभन्दा कम जुलाईमा ६४ हजार पाँच सय ९९ पर्यटकले नेपाल भ्रमण गरेका छन् । अक्टोबरमा एक लाख २४ हजार तीन सय ९३, अप्रिलमा एक लाख ११ हजार तीन हजार ७६ पर्यटक आएका तथ्याङ्कमा उल्लेख छ । नोभेम्बरमा एक लाख १४ हजार पाँच सय एक, सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, जनवरीमा ७९ हजार एक सय, फेब्रअरीमा ९७ हजार चार सय २६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६ र अगस्टमा ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका छन् ।

# संक्रमित भन्छन्,"नियमित औषधि सेवन गरे सक्रिय जीवन बाँच्न सकिन्छ"

**बुनु थारु**

काठमाडौँ, १६ मङ्सिर (रासस) ।

आफू एचआइभी सङ्क्रमित भएको थाहा पाउँदा धरानका खगेन्द्र खड्कालाई संसारै अन्धकार लागेको थियो । एकातिर परिवार र समाजले के भन्ला भन्ने भय, अर्कोतिर अब धेरै बाँचिदैन भन्ने डर । लागुऔषध प्रयोग गर्ने क्रममा २६ वर्षअघि उहाँमा एचआइभी देखिएको थियो ।

सङ्क्रमण पुष्टि भएको पाँच वर्षसम्म पनि उहाँ लागुऔषधबाट मुक्त हुन सक्नुभएन । २०६३ सालमा एक पुनःस्थापना केन्द्रको सहयोगमा उहाँ दुर्व्यसनीबाट मुक्त हुनुभयो । त्यसयता खड्का विभिन्न सामाजिक संस्थामा आबद्ध भइ सङ्क्रमितका हितमा वकालत तथा परामर्श दिँदै आउनुभएको छ । एचआइभी सङ्क्रमण भएकै कारण विभेद र लाञ्छना भोग्नुपरेको सङ्क्रमित सँग धेरै अनुभव छन् ।

२३ वर्ष अघि खड्काको एक दुर्घटनामा हात भाँचिएको थियो । उहाँ उपचारका लागि अस्पताल पुग्दा रिपार्टमा सङ्क्रमित भएको थाहा पाएपछि स्वास्थ्यकर्मीले 'प्लाष्टर' गर्नुपर्नेमा 'ब्यान्डेज' मात्र गरेर पठाइदिएका थिए । जसले गर्दा उहाँको एउटा हात अझै राम्रो अवस्थामा छैन । खड्का एचआइभी सङ्क्रमितप्रतिको दृष्टिकोण पहिले र अहिलेमा आकाश जमिनको फरक रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "मलाई सङ्क्रमण पुष्टि भएको त्यो समय र अहिले फरक छ । समाजमा लाञ्छना भोगिरहेका होलान् तर पहिले भन्दा निकै कम छ ।" उहाँकाअनुसार नियमित औषधि सेवन, स्वस्थ्य जीवनयापन तथा पौष्टिक आहारले एचआइभी सङ्क्रमित सक्रिय जीवन बाँच्न सक्छन् । उहाँ भन्नुहुन्छ, "एड्सबाट सुरक्षित रहन परिवार तथा समाजलाई सजग गराएको छु । सबैले सुरक्षित व्यवहार गर्नुपर्छ । मेरी श्रीमती र दुई जना बच्चा छन् । उनीहरु कसैमा पनि सङ्क्रमण छैन ।"

राष्ट्रिय एचआइभी तथा एड्स महासङ्घ नेपालका अध्यक्षसमेत रहनुभएका उहाँले सकारात्मक सोचले नै जीवन बाँच्ने ऊर्जा प्रदान गर्ने बताउनुभयो । सङ्घले सङ्क्रमितको जीवन राम्रो बनाउने, जोखिमपूर्ण समुदायको परीक्षणद्वारा पहिचान गराउने र थप जोखिमबाट बचाउने काम गरिरहेको छ ।

२६ वर्षीया यशोदा तिमिल्सिना एचआइभी सङ्क्रमण पुष्टि भएपछि आफू जस्तै थुप्रै सङ्क्रमितलाई यसबारे पैरवी र परामर्श दिँदै आउनुभएको छ । उहाँको सुझाव छ,"पहिले यो रोगलाई प्राणघातकको रुपमा लिइन्थ्यो । अहिले त्यस्तो अवस्था छैन । सङ्क्रमण हुने वित्तिकै डराउनु र आत्तिनु पर्दैन किनकी लामो जीवनयापन गर्न औषधि उपलब्ध छन् । " राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको पछिल्लो तथ्याङ्कअनुसार सन् २०२३ को अन्त्यसम्म नेपालमा ३० हजार तीन सय व्यक्तिमा एचआइभी सङ्क्रमण भएको अनुमान छ ।

सन् २०२३ मा चार सय ५७ व्यक्तिमा एचआइभीको नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ । सन् २०२३ मा मात्रै दुई सय २१ व्यक्तिको एड्सका कारण मृत्यु भएको अनुमान गरिएको छ । नेपालमा एचआइभी सङ्क्रमणको उच्च जोखिममा सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मी, जेलमा रहेका कैदी, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेशिनेहरु छन् । यीमध्ये सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरु र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमण दर अरु जोखिम समूह भन्दा उच्च छ ।

नेपालमा सन् २०३० सम्ममा एड्सको महामारी अन्त्य गर्ने लक्ष्य हासिल गर्न ९५ प्रतिशत एचआइभी सङ्क्रमितले आफ्नो सङ्क्रमण अवस्थावारे थाहा पाउने, तीमध्ये ९५ प्रतिशतको औषधि उपचारमा पहुँच हुने र ती औषधि खानेमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून हुनुपर्ने भनिएको छ । हरेक वर्ष डिसेम्बर १ का दिन विश्व एड्स दिवस मनाइन्छ । यो वर्ष 'एड्स अन्त्यका लागि सबैको अधिकार सुनिश्चित गरौँ' भन्ने नाराका साथ ३७औँ एड्स दिवस विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइँदैछ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# भारत र चीनबाट पर्यटक भित्र्याउन 'नाइस-२०२५' गरिँदै

काठमाडौँ, १६ मङ्सिर (रासस) ।

पर्यटन प्रवर्द्धन गरी छिमेकी मुलुक भारत र चीनबाट धेरै भन्दा धेरै पर्यटक भित्र्याउने उद्देश्यले संयुक्त रुपमा 'नेपाल इन्डिया चाइना एक्सपो (नाइस-२०२५)' गरिने भएको छ ।

आगामी फागुन १२ देखि १४ सम्म पोखरामा उक्त एक्सपो (मेला) आयोजना गरिएको प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरले जनाएको छ । आयोजक पाटाका अनुसार एक्स्पोका लागि

*बाँकी तीन पृष्ठमा*

# 'सूचनाको अभावले अपाङ्गता भएका व्यक्ति अवसरबाट वञ्चित'

**सुरेश झा र चन्दन ठाकुर**
जनकपुर, १६ मङ्सिर (रासस) ।

नेपालमा अझै पनि अपाङ्गता भएका व्यक्तिका विषयमा विस्तृत सर्वेक्षण नहुनुका साथै सूचनाको अभाव हुँदा अवसरबाट वञ्चित हुनुपरेको छ ।

अपाङ्गता समाज जनकपुरधामले आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा नेपालमा अपाङ्गता भएका व्यक्तिका विषयमा विस्तृत सर्वेक्षण नभएको र सूचनाको अभाव हुँदा सरकारी निकायका साथै विभिन्न सङ्घसंस्थाबाट उपलब्ध सेवासुविधा र अवसरबाट वञ्चित हुनुपरेको तथ्याङ्क सार्वजनिक गरिएको हो ।

कार्यक्रममा अपाङ्गता भएका व्यक्ति, विभिन्न सङ्घसंस्थाका तथा स्थानीय प्रतिनिधिको सहभागितामा अन्तरक्रिया गर्दै नेपालमा कूल जनसङ्ख्याको करिब ३० लाख अपाङ्गता भएका व्यक्ति रहेका तथ्याङ्क सार्वजनिक गरिएको हो ।

विसं २०७८ मा भएको जनगणनामा अपाङ्गता भएका व्यक्तिको पनि जनगणना गरिएको थियो । उक्त जनगणना सरकारले गरेको अपाङ्गतासम्बन्धी परिभाषा र वर्गीकरणमा आधारित भएर गरिएको समाजका अध्यक्ष शत्रुधनलाल कर्णले बताउनुभयो । यसको आधारमा नेपालको कुल जनसङ्ख्याको दुई दशमलव दुई प्रतिशत मानिसमा मात्र अपाङ्गता रहेको विवरणमा उल्लेख छ ।

अपाङ्गताका विषयमा तथ्याङ्क सङ्कलनमा हुने प्राविधिक जटिलता, जनचेतनाको अभाव, अपाङ्गताको परिभाषा र वर्गीकरणको सिमितता, गणकलाई अपाङ्गतासम्बन्धी पर्याप्त तालिमको अभाव, अपाङ्गता भएका व्यक्तिलाई गणना नगर्ने र लुकाउने प्रवृत्ति, तत्काल पहिचान गर्न नसकिने र नदेखिने प्रकृतिका अपाङ्गता गणनामा आउन नसक्नेलगायत कारणले धेरै अपाङ्गता भएका व्यक्तिको गणना हुन नसकेको कर्णले धारणा राख्नुभयो ।

"संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका अनुसार अपाङ्गता भएका व्यक्तिको कूल जनसङ्ख्याको ८० प्रतिशत विकासोन्मुख देशमा रहेका छन् । विश्व बैंकका अनुसार विश्वका अतिगरिब मानिसमा २० प्रतिशत अपाङ्गता भएका व्यक्ति पर्दछन् । अपाङ्गता भएका महिला लैङ्गिक र अपाङ्गताको आधारमा गरिने दोहोरो विभेद्को मारमा परेका छन् । युनिसेफका अनुसार सडक युवामा ३० प्रतिशत अपाङ्गता भएका व्यक्ति छन्भने अपाङ्गता भएका बालबालिकाको मृत्युदर अन्य बालबालिकाको तुलनामा उच्च भएको अध्ययनले देखाएका छन्", समाजका अध्यक्ष कर्णले भन्नुभयो । युनेस्कोको तथ्यअनुसार विकासोन्मुख देशमा ९० प्रतिशत अपाङ्गता भएका बालबालिका विद्यालय जानबाट वञ्चित रहेका पाइएको उहाँले जानकारी दिनुभयो ।

नेपालमा अपाङ्गतासम्बन्धी नीति तथा कानुनको वर्तमान अवस्था सङ्घीय सरकारले नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि २००६ अनुकूल हुनेगरी अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ( प्रथम शंसोधन, २०७५) मा जारी गरेको छ । साथै अपाङ्गतामैत्री सञ्चार निर्देशिका, २०७३ जारी गरिएको छ । सङ्घीय सरकारको मन्त्रिपरिषद्बाट विसं २०६९ फागुन ६ गते अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको अपाङ्गता समाज जनकपुरधामका सचिव ओपेन्द्र राउतले जानकारी दिनुभयो । उहाँका अनुसार सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली, २०७७ भदौ १ गते जारी गरेको हो ।

स्थानीय तहलाई अपाङ्गता भएका व्यक्तिको शिक्षा, पुनःस्थापना र सामाजिक सुरक्षालगायत क्षेत्रमा जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२), त १२, २४ र ४३ मा व्यवस्था गरेको छ ।

हालसम्म अपाङ्गता भएका व्यक्तिका लागि सरकारले दिएका सेवासुविधाहरूमा परिचयपत्रको व्यवस्था, समुदायमा आधारित पुनःस्थापना कार्यक्रमको प्रवर्द्धन, पुनःस्थापना केन्द्रमा अनुदान सहयोग, सहायक सामग्री वितरण, सामाजिक सुरक्षा भत्ताको व्यवस्था, उच्च शिक्षासम्म निःशुल्क व्यवस्था, छात्रवृत्तिको व्यवस्था, स्थानीयस्तरमा बजेट विनियोजन, सार्वजनिक यातायातमा छुटको व्यवस्था, निःशुल्क सामान्य स्वास्थ्योपचार, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क स्वास्थ्य बिमालगायत रहेका छन् ।

यस्ता उपलब्धिका बाबजुद पनि अपाङ्गता भएका व्यक्तिका लागि नीतिगत र व्यवहारिका काम गर्नुपर्ने आवश्यकता रहेकामा सचिव राउतले जोड दिनुभयो । "सरकारका विभिन्न मन्त्रालय र संयन्त्रहरूद्वारा निर्मित नियम र कानुनमा उल्लेखित भएका विषयलाई अपाङ्गता भएका व्यक्तिको जीवनमा अनुभूत हुनेगरि सुनिश्चित गर्न राज्यले आफ्नो क्षमता विकास गर्नुपर्दछ र यसका लागि आवश्यक संयन्त्र निर्माण गरी समन्वय गर्नुपर्ने आवश्यक देखिन्छ", उहाँले भन्नुभयो ।

**अपाङ्गतासम्बन्धी नीति कार्यन्वयनमा चुनौती**

राज्यले अझै पनि अपाङ्गता भएका व्यक्तिको विस्तृत खण्डिकृत तथ्याङ्क राख्न नसक्नुको अपाङ्गतासम्बन्धी नीति कार्यन्वयनमा चुनौती थपिएको अपाङ्गता समाजका अध्यक्ष कर्णले बताउनुभयो ।

सरकारले उपलब्ध गराएका सेवासुविधाबाट दुर्गम र गरिबीको अवस्थामा रहेका पूर्ण अशक्त, अति अशक्त अपाङ्गता भएका व्यक्ति वञ्चित रहेका हुनसक्ने भन्दै उहाँले विस्तृत खण्डिकृत तथ्याङ्क सङ्कलन गर्नुपर्नेमा जोड दिनुभयो ।

अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकताका आधारमा मापदण्ड अनुरूपका सहायक सामग्री वितरण गर्न 'सहायक प्रविधि सामग्री सेवासम्बन्धी राष्ट्रिय मापदण्ड, २०७८' जारी भएको अवस्थामा यसलाई प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने अध्यक्ष कर्णले बताउनुभयो ।

भौतिक संरचना र सञ्चार सेवा अपाङ्गतामैत्री नहुँदा कतिपय अपाङ्गता भएका व्यक्तिको दैनिकी कष्टकर बन्नुका साथै सरकारले उपलब्ध गराएका सेवासुविधा र अवसर उपयोग गर्नबाट वञ्चित भएका भन्दै उक्त मापदण्डलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उहाँको भनाय थियो ।

पूर्णअशक्त, बौद्धिक, अटिजम, हेमोफिलिया, श्रवण, दृष्टिविहीन, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि राज्यले शिक्षा र स्वास्थ्यमा विशेष योजना बनाएर कार्यान्वयनमा जोड दिनुपर्ने समाजका अध्यक्ष कर्णले धारणा राख्नुभयो ।

**अपाङ्गता भएका व्यक्तिका लागि गर्नुपर्ने काम**

मधेसी अपाङ्गता भएका व्यक्तिको पहिचान स्थापित गरी यकीन तथ्याङ्कका आधारमा विशेष नीति, योजना तथा कार्यक्रमको व्यवस्था गर्नुपर्ने, सङ्घीय सरकारले बनाएका ऐन, कानुन, नीति, नियमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिको क्षमता अभवृद्धि गर्ने कार्यक्रम सञ्चालन, समावेशी विकासमा अपाङ्गता भएका व्यक्तिका आवश्यकतालाई समावेश गरिनुपर्नेमा जोड दिइएको छ ।

अपाङ्गता समाज जनकपुरधामले आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा सहभागीले नेपालमा भौतिक विकास, मानवअधिकार, सुशासन, आर्थिक सशक्तीकरण, शिक्षा, स्वास्थ्यको क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय विकास साझेदारले आफ्ना नीति, कार्यक्रम र बजेटमा अपाङ्गताका विषयलाई समावेश गरी अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिएका हुन् ।

सङ्घीय सरकार, विश्व स्वास्थ्य सङ्गठनलगायत यस क्षेत्रमा काम गर्ने सबै निकाय, एक पक्षीय, द्विपक्षीय र बहुपक्षीय विकास साझेदार र दाता, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि २००६ को धारा २५ (स्वास्थ्य) र २६ (बासस्थान र पुनःस्थापना) का प्रावधानलाई प्राथमिकतामा राखी काम गर्नुपर्ने सहभागीको भनाइ छ ।

अपाङ्गता भएका व्यक्तिको क्षमता विकास र सक्रिय सहभागिता, नेतृत्व विकास, संविधानले आरक्षण गरेका समावेशीकरण गर्नुपर्ने समुदायभित्रका अपाङ्गता भएका नागरिकका विशेष योजना, अपाङ्गता भएका महिलाविरुद्ध हुने सबै प्रकारका विभेद, यौनजन्य हिंसा र बलात्कार जस्ता जघन्य अपराधको अन्त्य गर्न शून्य सहनशीलताको सिद्धान्तलाई अवलम्बन गर्नुपर्नेमा सहभागीले जोड दिएका समाजका अध्यक्ष कर्णले जानकारी दिनुभयो ।

## *भारत र चीनबाट...*

नेपाल पर्यटन बोर्ड, उद्योग तथा पर्यटन मन्त्रालय (गण्डकी प्रदेश), पोखरा महानगरपालिका, पोखरा टुरिजम काउन्सिल र अन्य प्रमुख पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाको सहकार्य हुने छ ।

पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत सुरेशसिंह बुडालका अनुसार एक्स्पोमा एकसय भन्दा बढी क्रेता, ८० भन्दा बढी बिक्रेता, भारत र चीनका २५ भन्दा बढी सञ्चारकर्मी र विज्ञ वक्तालगायत गरी एकहजार बढीको सहभागिता रहनेछ ।

उहाँले एक्स्पो आयोजनाको मुख्य उद्देश्य दुई ठुला अर्थतन्त्र तथा पर्यटन स्रोतबजार भारत र चीनमा नेपालको पर्यटन सम्भाव्यता र एकीकृत व्यावसायिक अवसरलाई प्रवर्द्धन गर्नु रहेको बताउनुभयो । 'नाइस फर माईस एण्ड मोर' भन्ने नाराका साथ आयोजना हुने एक्स्पोले पोखरालाई पदयात्रा र साहसिक पर्यटन केन्द्रको रूपमा मात्र नभइ माईस पर्यटन (अर्थात् बैठक, सभा सम्मेलन, प्रोत्साहन, विवाह तथा अन्य उत्सव, महोत्सव, समारोह, मेला र प्रदर्शनी) का लागि आकर्षक गन्तव्यको रुपमा प्रवर्द्धन गर्ने पाटाले आइतबार विज्ञप्तिमार्फत जनाएको छ ।

एक्स्पोका संयोजक सुनिल भट्टराईले छिमेकी पर्यटन स्रोतबजार (चीन र भारत) बाट पर्यटन सम्बद्ध व्यवसायी र निजी तथा सरकारी निकायका सरोकारवाला एवं सङ्घ संस्थालाई एकै थलोमा आमन्त्रण गरी आपसी व्यापार प्रवर्द्धन, सम्पर्क सञ्जाल विस्तार, तथा त्रिदेशीय पर्यटनको नयाँ आयाम उजागर गर्ने महत्वपूर्ण मञ्च बन्ने विश्वास व्यक्त गर्नुभयो ।

पोखरा महानगरपालिकाका नगरप्रमुख धनराज आचार्यले पोखरामा हुने कार्यक्रमले पोखराको पर्यटनलाई उल्लेखनीय रूपमा प्रवर्द्धन गर्ने बताउनुभयो । नेपाल पर्यटन बोर्डका सिइओ दीपकराज जोशीले दुई ठुला पर्यटन स्रोतबजारका क्रेता र विक्रेतालाई जोडेर पर्यटकीय गतिविधि र अनुभव आदानप्रदान गर्ने सो कार्यक्रम पर्यटन प्रवर्द्धनको महत्वपूर्ण माध्यम बन्ने विश्वास व्यक्त गर्नुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले नाईस कार्यक्रमलाई विशेष र प्रभावकारी बनाउन सबैको सक्रियता आवश्यक रहेको बताउनुभयो ।

## विश्व समाचार

### फेङ्गल आँधीका कारण दक्षिण भारतमा तीन जनाको मृत्यु

बैङ्लोर, भारत, १६ मङ्सिर (रासस/एएफपी) ।

भारतको दक्षिणी तटीय क्षेत्रमा आएको न्यूनस्तरीय चक्रवातजन्य दुर्घटनाका कारण कस्तीमा तीन जनाको मृत्यु भएको छ । आँधीबाट भौतिक संरचनामा व्यापक क्षति भने नभएको अधिकारीहरूले बताएका छन् । फेङ्गल नाम दिइएको चक्रवात शनिबार अबेर राति ७० देखि ८० किलोमिटर प्रतिघण्टा (४३-५० माइल प्रतिघण्टा) को गतिमा तमिलनाड राज्यको तटीय क्षेत्रमा अवतरण गरेको थियो । तमिलनाडुराज्यका विपद् व्यवस्थापन मन्त्री केकेएसएसआर रामचन्द्रनले शनिबार राति चेन्नईमा आएको आँधीका कारण तीन जनाको मृत्यु भएको र उनीहरूको करेन्ट लागेर मृत्यु भएको जानकारी दिनुभयो । तर आँधीबाट भएको अन्य क्षति भने 'न्यून' रहेको उहाँले बताउनुभयो । 'द टाइम्स अफ इन्डिया'ले मृतकको सङ्ख्या चार रहेको उल्लेख गर्दै आँधीका कारण कतिपय क्षेत्रमा बाढी आएको र रुखहरू ढलेको तर अनुमान गरिएभन्दा कम क्षति भएको उल्लेख गरेको छ ।

उत्तरी एटलान्टिक महासागरमा आँधीबेहरी वा उत्तर-पश्चिमी प्रशान्त महासागरमा आँधीबेहरी र आँधीजन्य मौसमी विपत यस क्षेत्रका बस्तीहरूका लागि एक नियमित र घातक जोखिम हो । यो आँधी आइतबारपछि बिस्तारै कमजोर हुँदै जाने अनुमान गरिएको छ भने भारतको मौसम विज्ञान विभागले भारतको दक्षिणी क्षेत्रमा भारी वर्षा हुने चेतावनी दिएको छ । विभागले आँधीको जोखिम रहँदासम्म समुद्रमा माछा मार्ने वा अन्य गतिविधिबाट टाढा रहन स्थानीयलाई सुझाव दिएको छ भने केही क्षेत्रमा "मध्यमदेखि उच्च बाढीको जोखिमको' रहेको बताएको छ ।

फेङ्गलले यसै साताको सुरुमा श्रीलङ्काको समुद्री तटमा अवतरण हुँदा छ बालबालिकासहित कम्तीमा १२ जनाको मृत्यु भएको थियो । जीवाश्म ईन्धनको प्रयोगले हुने जलवायु परिवर्तनका कारण विश्वव्यापी तापमान वृद्धिसँगै शक्तिशाली आँधीबेहरीजन्य विपत् अझ बढ्न थालेको वैज्ञानिकहरूले चेतावनी दिएका छन् । समुद्रको तातो सतहले अधिक जलवाष्प छोड्छ, जसले आँधीबेहरीलाई अतिरिक्त ऊर्जा प्रदान गर्दछ र शक्तिशाली हावाहुरीमा परिणत गर्छ । राम्रो पूर्वानुमान र प्रभावकारी उद्धार योजनाले आँधीका कारण नाटकीय रूपमा हुने मृत्युको सङ्ख्यामा कमी ल्याएको छ ।

### एफबीआईको नेतृत्व काश पटेललाई दिने ट्रम्पको घोषणा

वासिङ्टन, १६ मङ्सिर (रासस/एएफपी) ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना विश्वासपात्र काश पटेललाई सङ्घीय अनुसन्धान विभाग (एफबिआई) को नयाँ निर्देशक बनाउने लक्ष्य राखेको बताउनुभएको छ । ट्रम्पले ब्यूरोका वर्तमान् गतिविधिको आलोचना गर्दै आउनुभएका र तथाकथित सरकारी 'डिप स्टेट' को बारेमा आलोचक आफ्ना पूर्व सल्लाहकारसमेत रहेका पेन्टागनका अधिकारीलाई एफबिआई निर्देशक बनाउन लागेको उहाँको आफ्नै लगानीको सामाजिक सञ्जाल, ट्रुथ सोशल नेटवर्कमा उल्लेख गर्नुभएको छ ।

एफबिआईका वर्तमान निर्देशक क्रिस्टोफर रेलाई सन् २०१७ मा १० वर्षे कार्यकालका लागि नियुक्त गरिएको थियो ट्रम्पले नियुक्त गरेका रेको नेतृत्वमा एफबीआईले राष्ट्रपति निर्वाचित ट्रम्पमाथि समेत अनुसन्धान गरेको छ । ट्रम्पले ट्रुथ सोसलमा लेख्नुभएको छ, "काश एक प्रतिभाशाली वकिल, अन्वेषक र 'अमेरिका फर्स्ट' अभियानका अभियान्ता हुनुहुन्छ । उहाँले आफ्नो सेवालाई भ्रष्टाचारको पर्दाफास गर्न, न्यायका लागि र अमेरिकी जनताको रक्षा गने कार्यमा लगानी गर्नुभएको छ ।"

आगामी राष्ट्रपतिका कट्टर समर्थक पटेलले ट्रम्पलाई पर्दा पछाडिबाट दबाउने काम गर्ने कथित पक्षपाती सरकारी नोकरशाहहरूको ट्रम्प विरोधी 'डिप स्टेट' को रिपब्लिकन कट्टरपन्थी धारणालाई समर्थन गर्नुहुन्छ र यस विषयमा एउटा पुस्तक समेत लेख्नुभएको छ । भारतीय मुलका एक परिवारका सन्तान पटेलले ट्रम्पको पहिलो कार्यकालमा राष्ट्रिय सुरक्षा सल्लाहकार र कार्यवाहक रक्षामन्त्रीको चिफ अफ स्टाफका रुपमा काम गर्नुभएको थियो ।

### मुठभेडमा सात संदिग्ध माओवादी लडाकूको मृत्यु

नयाँदिल्ली, १६ मङ्सिर (रासस/एएफपी) ।

छत्तीसगढ र तेलङ्गानाको सिमानामा पर्ने मुलुगु जिल्लामा प्रहरीले सात जना संदिग्ध माओवादीको हत्या गरेको दाबी गरेको छ । तेलङ्गना प्रहरीका अनुसार प्रहरीले सुराकीको आधारमा सशस्त्र लडाकूहरूको खोजी गरिरहेका समय 'ग्रेहाउन्ड'का जवान र भारतीय माओवादी समूह (नक्सलवादी) बीच मुठभेड भएको हो । घटनास्थलबाट दुई थान एके-४७ राइफल, एक इन्सास राइफलका साथै अन्य हातहतियार, विष्फोटक पदार्थ र दैनिक उपभोग्य सामग्रीबरामद भएको प्रहरीले जनाएको छ । मुलुगु जिल्लाको चालापाका वन क्षेत्रमा बिहान ५:३० बजे सन्दिग्ध माओवादी लडाकूसँग मुठभेड भएको थियो । एक घण्टाभन्दा बढी चलेको मुठभेडमा सात जना मारिएका थिए । उक्त क्षेत्रमा अहिले पनि खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार अन्य केही माओवादी घाइते भएको हुन सक्ने अनुमान गरिएको छ ।

# सहकारीपीडितका समस्या समाधान गर्नेगरी कानुन संशोधन गरिँदै

काठमाडौँ, १६ मङ्सिर (रासस)। सरकारले सहकारीपीडितका माग पूरा गर्न मौजुदा कानुनलाई चाँडै संशोधन गर्ने भएको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यस क्षेत्रको समस्या समाधान गर्न विद्यमान कानुनमा अपुग भएका ऐन, नियम, कार्यविधि बनाएर कानुन परिमार्जनको प्रक्रिया सुरु गरेको हो। मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टका अनुसार परिमार्जित विधेयक मन्त्रिपरिषद्मा पठाइने र त्यसलाई सरकारले अध्यादेशमार्फत जारी गर्ने तयारी छ।

कर्जा सूचना केन्द्र, बचत तथा सुरक्षण कोष, बचत तथा ऋण असुली न्यायाधीकरण र नियामक निकायलाई आवश्यक अधिकारको व्यवस्था गरी कार्यविधिको तयारी गरिएको उहाँले जानकारी दिनुभयो।

कानुनविद्, सरोकारवाला पक्षलगायतसग छलफल गरी विधेयक बनाइएको छ। संशोधन हुने कानुनमा समस्याग्रस्त सहकारी तथा आर्थिक अपचलन गरी ठगी गरेका सम्बन्धित सहकारीका सम्पत्ति लिलाम तथा जफत गरी पीडितलाई उनीहरूको निक्षेप अनुपातमा रकम उपलब्ध गराएर न्याय दिलाउने विषयलाई प्राथमिकतामा राखिएको छ।

सहकारी सिद्धान्तअनुरूप सहकारी सङ्घसंस्थाका स्व-नियमनकारी प्रक्रिया सशक्त बनाइएको कार्यविधिमा सहकारी विकासका लागि सङ्घीय, प्रान्तीय र स्थानीय सरकारको क्षेत्राधिकारलाई जोड दिइएको छ। सङ्घीय सरकारले प्रान्तीय र स्थानीय सरकारका सहकारी निकायलाई आवश्यक नियामक, प्रवर्द्धनात्मक र प्रशिक्षणलगायत सेवाहरू प्रदान गरिनेछ।

सहकारीमा बचतकर्ताको निक्षेप उठ्न नसक्दा पनि कानुनको अभावमा पीडकबाट सम्पत्ति असुली गरी पीडितलाई निक्षेप फिर्ता गर्न सकिएको थिएन। साना कृषक, श्रमिक, उपभोक्ता र गरीबहरूको संलग्नतामा सबै प्रदेश, जिल्ला र नगरपालिका वा गाउँपालिकामा सञ्चालित ३४ हजार बढी सहकारी संस्था रहेको जनाइएको छ। करिब ७० लाख मानिस यस क्षेत्रमा आबद्ध रहेको बताइएको छ।

# फार्मेसीमा अनिवार्य पोशाक र परिचयपत्र लागू गरिँदै

काठमाडौँ, १६ मङ्सिर (रासस)। नेपाल फार्मेसी परिषद्ले आगामी पुस ४ गतेदेखि 'फर्मासिष्ट'लाई अनिवार्य पोशाक र परिचयपत्रको व्यवस्था लागु गर्ने भएको छ। उक्त व्यवस्था लागू गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आवश्यक सहयोग गर्ने जनाएको छ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलको आग्रह बमोजिम परिषद्ले पहिलो चरणमा फर्मासिष्टको पहिचान खुलाउन पोशाक अनिवार्य गर्ने निर्णय गरेको थियो। परिषद्ले फर्मासिष्ट तथा सहायकका लागि सेतो एप्रोनसहितको पोशाक र पोशाकमै परिचयपत्र अनिवार्य गर्ने जनाएको छ। कुनै पनि सामुदायिक फार्मेसी वा अस्पताल फार्मेसीमा औषधि वितरणमा कार्यरत फर्मासिष्टले एप्रोनसँगै हरियो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर तथा फार्मेसी सहायकले निलो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर अनिवार्य राख्नुपर्ने निर्णय आगामी पुस ४ गतेदेखि लागू हुँदैछ।

यस निर्णयले औषधि बिक्रीवितरणमा आधिकारिक व्यक्तिमात्र संलग्न हुने र कुनै कैफियत देखिएमा कारबाही गर्न सहयोग पुग्ने परिषद्का रजिस्टार सञ्जिवकुमार पाण्डेले बताउनुभयो। मन्त्री पौडेलले यस व्यवस्थाको अनुगमन कडा गर्न आग्रह गर्दै मन्त्रालयले कार्यान्वयनका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। औषधि बिक्रीवितरणलाई व्यवस्थित र नियमित बनाउन मन्त्री पौडेलले औषधि व्यवस्था विभागलाई अनुगमन बढाउन सजग गराउनुभएको छ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले परिषद्को निर्णय कार्यान्वयनमा सहयोग गर्न मन्त्रालयले पत्राचार गर्ने बताउनुभयो। यसका अलावा औषधि बिक्रीवितरणमा बेथिति देखिए नदेखिएको अनुगमन गर्ने र दोषी देखिएमा एकैसाथ कारबाही गरिने उहाँले बताउनुभयो। औषधिको मूल्य समायोजन गर्न गठित समितिले काम गरिरहेको छ। समितिको सुझावअनुसार अधिकतम उपयोग हुने औषधिमा नागरिकलाई कम भार पर्नेगरी मूल्य समायोजन गर्ने मन्त्रालयको तयारी छ।

# पर्खाल भत्किएर पुरिँदा पाँच मजदुरको मृत्यु

दाङ, १६ मङ्सिर (रासस)। रोल्पामा निर्माणाधीन झोलुङ्गे पुलको पर्खाल भत्किँदा पुरिएर आइतबार पाँच मजदुरको मृत्यु भएको छ। लुम्बिनी प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक कुबेर कठायतका अनुसार सुनछहारी गाउँपालिका-३, गाममा निर्माणाधीन झोलुङ्गे पुलको टेवा पर्खाल भत्किँदा सोही ठाउँका ४५ वर्षीय दुजमान परियार, ३१ वर्षीय ओम परियार, ४० वर्षीया सुवित्रा परियार, २७ वर्षीया आइती परियार र ६६ वर्षीय देवीराम परियारको मृत्यु भएको छ।

– निर्माणाधीन झोलुङ्गे पुलको टेवा पर्खाल भत्किएर उनीहरू पुरिएका थिए। मौलाबाङ र बाहिरी गाम जोड्न झोलुङ्गे पुल निर्माण भइरहेको थियो। पुल निर्माणमा सात मजदुर खटिएका थिए। पर्खाल भत्केको देखेपछि दुई जना भाग्न सफल भएको प्रहरीले जनाएको छ।

# मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक

काठमाडौँ, १६ मङ्सिर (रासस)। यही मङ्सिर १० र १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरु आइतबार सार्वजनिक गरिएका छन्।

मन्त्रिपरिषद् बैठकले गरेका निर्णयबारे जानकारी दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा सञ्चार मन्त्री तथा सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले नेपाल सरकार र गणतन्त्र फिनल्याण्डबीच हुने 'फिनल्याण्डको सार्वजनिक लगानी सुविधा योजनाअन्तर्गत वित्त परिचालन हुने परियोजना' विषयक खाका सम्झौता स्वीकृत गर्ने निर्णय भएको जानकारी दिनुभयो।

"प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको लागि प्रतिवद्धता प्राप्त भएको रकममा खर्च हुन बाँकी ७९.२३ मिलियन अमेरिकी डलरमध्ये प्राविधिक सहायतातर्फ साविकको प्राविधिक सहायता र कुल बजेटको अनुपात नबढ्ने गरी परिमार्जित कार्यक्रम दस्तावेज स्वीकृत गर्ने र सो सम्बन्धी संशोधित संयुक्त वित्तीय व्यवस्था अनुमोदन गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ", मन्त्री गुरुङले भन्नुभयो।

मन्त्रिपरिषद् बैठकले नेपाल आयल निगम लिमिटेडलाई चितवनको राप्ती नगरपालिकामा २-१९-१६.९ बिघा जग्गा प्राप्ति गर्न स्वीकृति दिने, पुष्पलाल (मध्यपहाडी) राजमार्ग परियोजनालाई राष्ट्रिय वनको १.०७२ हेक्टर जग्गा प्रयोग गर्न दिने र नेपाल विद्युत् प्राधिकरणलाई कालिगण्डकी-रिडी १३२ केभी विद्युत् प्रसारण लाइन आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्रको ६.२१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको छ।

यस्तै आगामी पुस ३ देखि १० गतेसम्म गणतन्त्र कोरियामा फोहोरमैला व्यवस्थापनसम्बन्धी अध्ययन भ्रमणमा सहभागी हुन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलाई स्वीकृति प्रदान गर्ने तथा एसियाली विकास बैंकबाट 'क्लाइमेट रेसिलेन्ट ल्याण्डस्कोप एण्ड लाइभलिहुड' परियोजनाका लागि प्रस्ताव गरिएको २२ मिलियन अमेरिकी डलर अनुदान तथा १० मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ।

यसैगरी एसियाली विकास बैंकबाट नवीनतम यान्त्रिक सिँचाइ आयोजनाको कार्यान्वयनका लागि नेपाल सरकारलाई प्राप्त हुने एक सय १० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण र १५ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय भएको प्रवक्ता गुरुङले जानकारी दिनुभयो।

त्यसैगरी सरकारले भारतको नयाँ दिल्लीमा आयोजना हुने '२९औँ पार्टनरशिप समिट'मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई स्वीकृति दिने र चालु आर्थिक वर्ष २०८१/८२ का लागि उखुको उत्पादन लागत, ढुवानी भाडा र मुनाफासमेत गरी कृषकले उत्पादन गरेको उखुको न्यूनतम खरिद मूल्य प्रति क्विन्टल रु पाँच सय ८५ निर्धारण गरिएको छ।

नेपाल सरकार र 'इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्सटिच्युट बीच हुने मेमोरेन्डम अफ अन्डरस्टयान्डिङ स्वीकृत गर्ने, नेपाल सरकार र दि इन्टरनेशनल सेन्टर फर रिसर्च इन एग्रोफोरेस्ट्री एण्ड दी सेन्टर फर इन्टरनेशनल फरेष्ट्री रिसर्च (सीआईएफएएफ) बीच हुने समझदारी पत्र स्वीकृत गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ।

त्यसैगरी सरकारले यही मङ्सिर १७ देखि २० गतेसम्म प्रधानमन्त्री केपी शर्मा ओलीबाट हुने मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुने प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्नुका साथै गोकर्णेश्वर नगरपालिका, काठमाडौँ महानगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने निर्णय भएको प्रवक्ता गुरुङले जानकारी दिनुभयो।

यस्तै उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ (दोश्रो संशोधन, २०७६ सहित) को दफा ३(१) बमोजिम चालु आव २०८१/८२ का लागि अनुदान रकम प्रति क्वीन्टल रु ७० कायम गर्ने पनि निर्णय भएको मन्त्री गुरुङले जानकारी दिनुभयो।


## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९ , सप्तरी

पान नं. :- ३०५११४४१७

चलानी नं. :- १३१

पत्र संख्या :- २०८१/०८२

मिति :-२०८१।०८।०२

श्रीमान्/श्रीमति/सुश्री........................

**विषय :- १३ औं वार्षिक साधारणसभामा उपस्थिति बारे।**

महोदय्,

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०८१/०७/१४ गते बसेको बैठकको निर्णयनुसार संस्थाको १३ औं वार्षिक साधारण सभा तपसिलका मिति,समय र स्थानमा हुने भएको हुंदा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

तपसिल

मिति :– २०८१। ०९। ०६ गते शनिवार

समय :– विहान १० बजे देखि

स्थान :– संस्थाको प्रांगनमा

छलफलका विषयहरु :–

१) गण पुरक संख्याको घोषना सम्बन्धमा।
२) आ.ब २०८०।०८१ को संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षिय प्रतिवेदन माथि छलफल तथा पारित सम्बन्धमा।
४) आ.ब. २०८०।०८१ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा पारित सम्बन्धमा।
५) आ.व.२०८१।०८२ को प्रस्तावित कार्यक्रम तथा बजेट माथि छलफल तथा पारित सम्बन्धमा।
६) आ.ब.२०८१।०८२ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।
७) आ.व.२०८१।०८२ को लागि आन्तरिक लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।
७) शेयर लाभांश,संरक्षित पुँजि फिर्ता कोष तथा अन्य कोषहरु वितरण सम्बन्धमा।
८) वाह्य ऋण स्वीकार गर्ने सम्बन्धमा।
९) गैर बैकिंग सम्पति बिक्री गर्ने सम्बन्धमा।
११) आन्तिरिक नीति तथा कार्यविधिहरु संशोधन तथा स्वीकृति सम्बन्धमा।
१२) पुनरलेखन गरिएको बिनियम स्वीकृति सम्बन्धमा।
१३) सहकारी एकीकरण सम्बन्धमा।
१४) शेयर सदस्यहरुबाट प्राप्त सुझाव सम्बन्धमा।
१५) निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा।
१६) जनज्योति खाध्द उधोगको ऋण सम्बन्धमा।

भवदिय

२०८१।०८।०२

संचालक समितीको आज्ञाले
मनोज कुमार यादव
व्यवस्थापक


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*